# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः १ संख्याः १९ मितिः २०७५/०६/१४

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

### भाग २

### स्थानीय सरकार

## पदपूर्ति समिति गठन कार्यविधि २०७५

प्रस्तावनाः

परशुराम नगरपालिकामा गरिने कर्मचारी नियुक्तिको कार्यलाई प्रभावकारी, निश्पक्ष, स्वस्छ बनाउन पदपूर्ति समिति गठन गर्नु वाञ्छनिय भएकाले परशुराम नगपालिकाको प्रशाशकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७५ को नियम ३ बमोजिम परशुराम नगरकार्यपालिकाको वैठकबाट यो परशुराम नगरपालिका पदपूर्ति समिति गठन कार्यविधि २०७५ स्वीकृत गरि जारी गरिएको छ ।



### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम पदपूर्ति समिति गठन कार्यविधि २०७५ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) अध्यक्ष भन्नाले पदपूर्ति समितिको अध्यक्षलाई सम्फनुपर्छ ।

(ख) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउछ

(ग) प्रमुख भन्नाले परशुराम नगरपालीकाको नगर प्रमुखलाई सम्फनु पर्छ ।

(घ) उप-प्रमुख भन्नाले परशुराम नगरपालिकाको नगर नगर उप-प्रमुखलाई सम्फनुपर्छ ।

(ङ) प्रमुख प्रशाशकीय अधिकृत भन्नाले परशुराम नगरपालीकाको प्रमुख प्रशाशकीय अधिकृतलाई सम्फनु पर्छ ।

(च) कार्यालय भन्नाले परशुराम नगरपालिकाको कार्यालय सम्फनु पर्छ ।

(छ) पदपुर्ति समिति भन्नाले परशुराम नगरपालिकाको पदपुर्ति समितिलाई जनाउने छ ।

### परिच्छेद २
### पदपूर्ति समितिको गठन

३. पदपुर्ति समितिको गठन

(१) परशुराम नगरपालिकामा नगर प्रमुखको प्रस्तावमा नगर कार्यपालिकाबाट पारित गरि देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिने छ । जसको गठन निम्नानुसार हुनेछ :

(क) निजामती सेवा, शिक्षक एवं अन्य सरकारी सेवामा कम्तिमा उप सचिव वा सो सरहको पदमा कम्तिमा ३ वर्ष सेवा अवधि भई निवृत भएको नगरकार्यपालिकाबाट मनोनित एक जना अध्यक्ष

(ख) निजामती सेवा, शिक्षक, कर्मचारी, सेना, प्रहरीको अधिकृतस्तरमा वा सो सरहको पदमा कम्तिमा १० वर्ष अनवरत रुपमा सेवा

गरेको वा गरिरहेको नगरकार्यपालिकाबाट मनोनित एक जना सदस्य

(ग) निजामती सेवा, शिक्षक, कर्मचारी, सेना, प्रहरीको अधिकृतस्तरमा वा सो सरहको पदमा कम्तिमा १० वर्ष अनवरत रुपमा सेवा गरेको वा गरिरहेको नगर प्रमुखबाट मनोनित एक जना सदस्य

(घ) नगरपालिकाको सम्बन्धित क्षेत्रको विषयगत शाखा कार्यालयको प्रमुख सदस्य

(ङ) प्रमुख प्रशाशकीय अधिकृत सदस्य सचिव

(२) समितिले आवस्यक ठानेमा सम्वन्धित विषयको विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

दफा (३) उपदफा १ को (क), (ख), (ग) बमोजिमको पदमा मनोनित अध्यक्ष र सदस्यको पदावधि नियुक्त भएको मितिले ४ वर्ष हुनेछ ।

## परिच्छेद ३
## पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार

४. (१) पदपुर्ति समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) नगरपालिकामा खुला प्रतियोगिताद्वारा पुर्ति हुने पदका लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(ख) पदपुर्ति कार्यतालिका बनाउने ।

(ग) परिक्षाको किसिम तोक्ने ।

(घ) पदपुर्तिका लागि बिज्ञापन प्रकासन गर्ने ।

(ङ) परिक्षा संचालन तथा नतिजा प्रकासन गर्ने ।

(च) नियुक्तिका लागि सिफारिस गर्ने ।

(ज) लोक सेवा आयोग वा अन्य पदपुर्ति संग सम्बन्धित आयोगबाट स्वीकृत सम्बन्धित क्षेत्र संगको पदमा भएको सामान्य सिद्धान्त लाई अवलम्बन गरी पदपूर्ति संग सम्बन्धित अन्य कार्य गर्ने ।

(झ) पदपुर्ति समितिले पदपुर्तिको विज्ञापन प्रकासित गर्दा पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकासन गरिने छ ।





(क) पदको नाम

(ख) आवस्यक संख्या खुल्ला समावेशी अलग अलग देखिने गरी

(ग) दरखास्त दिने म्याद र स्थान

(घ) दरखास्त दस्तुर

(ङ) परिक्षा दस्तुर

(च) आवस्यक न्युनतम शैक्षिक योग्यता

(छ) पेश गर्नुपर्ने आवस्यक प्रमाणपत्रहरु

(ज) सम्पर्क मिति र स्थान

(झ) परिक्षाका तरिकाहरु

(ञ) अन्य सर्तहरु

(२) पदपुर्ति समितिबाट विज्ञापन प्रकासन भएपछि दरवन्दि थप वा खालि भई पद रिक्त भएमा लिखित परिक्षाका नतिजा प्रकासित हुनुभन्दा अगाडि सो पदपुर्ति समितिले सार्वजनिक रुपमा सुचना प्रकासित गरि सोहि विज्ञापनमा सो संख्या समेत थप गर्न सक्नेछ ।

(३) पदपूर्ति सम्बन्धित नगरकार्यपालिकाले अह्राएका अन्य कार्यहरु

## परिच्छेद ४
## विविध

५. पदपूर्ति समितिका अध्यक्ष, सदस्यहरुको वैठक भत्ता नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६. यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै ब्यवस्था गर्न आवस्यक परेमा परशुराम नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ

**प्रमाणिकरण मिति : २०७५/६/१२**

**आज्ञाले**
**ईश्वरलाल शाक्य**
**प्रमुख प्रशासकीय अधिकृत**